बिजयनगर गाँउपालिका

बिजयनगर गाँउपालिका स्तरीय कृषक समूह संजाल कार्यान्वयन

कार्यबिधि २०७८

प्रस्तावना

कृषक समूह क्षेत्र संग आवद्ध निकायहरुले संलग्नता र सहकार्यमा सुचनाप्रवाह, जनचेतना,तथ्यांक संकलन कार्यक्रम माग,योजना छनौट कार्यक्रम संचालन, बचत बृद्धि बजारीकरण तथा अनुगमन सहजीकरण गर्नुका साथै कृषक समूह कार्यक्षमतामा बृद्धि गरी बढी भन्दा बढी सेवा प्रवाहको लागि कृषक समूह सित हातेमालो गरी पालिका स्तरीय कृषक समूह संजालमार्फत कृषि तथा मौरी पालन लगायतका कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न बाञ्छनीय भएकोले बिजयनगर गाँउपालिकाले देहाय बमोजिम कार्यविधि बनाई लागू गरेको छ।

परिच्छेद १

१) संक्षिप्त नाम र प्रारम्भ :

क) यो कार्यविधिको नाम बिजयनगर गाँउपालिका स्तरीय कृषक समूह संजाल कार्यविधि २०७८ रहने छ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

२) परिभाषा :

क) गाँ.पा. भन्नाले बिजयनगर गाँउपालिका बुझ्नु पर्छ।

ख) विषयगत कृषक समूह : विषयगत समूह भन्नाले कृषि क्षेत्रमा आवद्ध भई गाँउपालिका कृषि बिकास शाखामा दर्ता भएका विभिन्न विषयगत समुहहरु कृषि, फलफुल, खाद्यन्न, तरकारी खेती तथा मौरी पालन आदि बुझ्नु पर्छ।

ग) कृषक समूह :कृषक समूह भन्नाले पालिका भित्र सुचिकृत विभिन्न विषयगत कृषि, फलफुल, खाद्यन्न, तरकारी खेती तथा मौरी पालनल गायतका कृषक समूह बुझ्नु पर्छ।

घ) पालिका स्तरीय कृषक संजाल :– पालिका स्तरीय कृषक समूह संजाल भन्नाले पालिका स्तरका गठन भई गाँउपालिका कृषि बिकास शाखामा दर्ता भएको कृषक समुह संजाललाई बुझ्नु पर्छ।

ङ) सदस्य :– सदस्य भन्नाले पालिकामा सुचीकृत विभिन्न बिषयगत कृषक समूह पालिकास्तर कृषक समूह संजालको सदस्यलाई सम्झनु पर्छ।

३) उद्देश्य र कार्यहरु :– १) पालिका स्तरीय कृषक समूह संजालको संचालन कार्य विधिका उद्देश्यहरु देहाय बमोजिम हुने छ।

क) गाँउ पालिकाका कृषक समूह मार्फत खेतीलाई सुदृढीकरण गरी उत्पादन र उत्पाद कत्वबृद्धिका लागि एक जुट भई कामगर्न सघाउ पुयाउने।

ख) गाँउपालिका काकृषक समूहका सदस्यहरमा स्वावलम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययताको भावनाश्रृजनागर्ने।

ग) गाँउपालिका लगायत कृषक समूहको आर्थिक तथा सामाजिक विकासको योगदान बृद्धि गर्ने।

२) उपदफा १ का उद्देश्य प्राप्तीका लागी कृषक समूह संजालको देहाय बमोजिम काम गर्ने छ।

क) गाँउपालिका भित्रका कृषक समूहहरुको बिकासका लागी सम्भाव्गता अध्ययन, समस्य पहिचान, समाधानका उपाय अवलम्बन गर्ने।

ख) कृषक समूहका विषयगत तथ्यांकहरु अध्यावधिक गर्न सहयोग गर्ने।

ग) विभिन्न विषयगत कृषक समूहहरुको विकासका लागी रणनिति तयार गर्ने, योजना र्तजुमा गर्ने, सरोकार वाला निकायमा योजना पेश गरी स्वीकृत कार्यक्रम कार्यन्यन गराउने जस्ता कार्यमा सहयोग गर्ने।

घ) गाँउपालिका बाट संचालित सहकारी लगायतका कार्यक्रमहरु मौरी पालन फलफुल, खाद्यन्न, सबै विषयगत कृषक समूहलाई कार्यक्रमको कार्यान्वयन गर्न सहयोग गर्ने, संचालित कार्यक्रमको अनुगमन गर्ने र पृष्ठ पोषण दिने।

ङ) गाँउपालिकालाई विषयगत कृषक समूहको बिकास संग सम्बन्धित निति निर्माणमा सहयोग गर्ने।

परिच्छेद २

कार्य समिति गठन र समितिको कामकर्तव्य र अधिककार

४) पालिका स्तरीय कृषक समूह संजालको गठन देहाय बमोजिम हुने छ।

क) पालिका स्तरीय कृषक समूह संजाल समितिका सदस्य कृषि क्षेत्रमा आवद्ध फलफुल, खाद्यन्न,,मौरी पालन लगायतका बिषय मध्ये एक वडाबाट दुई जना छनौट भई आएका प्रति निधि हुनु पर्ने छ।

ख) प्रत्येक वडा स्तरबाट आफ्नो पालिका स्तरीय संजालमा छनौट भई आएमा प्रतिनिधिहरु सदस्य रहेको पालिका स्तरीय जसमा समावेशिताको आधारमा महिला सहित  बढीमा ७ सदस्य रहेको देहाय बमोजिम गाँउ स्तरीय कृषक समूह संजाल कार्य समिति गठन गर्ने छ।

अध्यक्ष –१ जना उपाध्याक्ष–१ जना

सचिव–१ जना कोषाध्याक्ष–१ जना

सदस्य–७ जना

ग) प्रत्येक कृषक समुहबाट आफ्नो वडा स्तरीय संजालमा सहभागी हुनका लागि छनौट भई आएका प्रतिनिधिहरुको वडा स्तरीय सभा हुने छ जसमा  समावेशिताको आधारमा महिला सहित कम्तीमा ११ बढीमा १५ सदस्यीए देहाय बमोजिम वडा स्तरीय कृषक समूह संजाल कार्य समिति गठन हुने छ।

अध्यक्ष –१ जना उपाध्याक्ष –१ जना

सचिव –१ जना कोषाध्याक्ष –१ जना

सदस्य –७ जना

२) सल्लाहकार समिति :–संजालहरुको संचालन संरक्षण सम्बर्द्धनमा टेवा पुय्राउने गाँउ क्षेत्रका व्यक्ति वा प्रतिनिधि, कृषि हेर्ने प्राविधिक सामाजिक संस्था संजाललाई सहयोग गर्नका प्रतिनिधि सल्लाहकार समितिको सदस्य हुने छ।

३) उपसमिति गठन :–गाँउ स्तरीय कृषक संजालले आवश्यक ठानेमा विभिन्न बिषयगत उपसमिति गठन गर्न सकने छ।

४) पालिका स्तरीय कृषक संजाल कार्य समितिको काम कर्तव्य र अधिकार :–पालिका स्तरीय कृषक संजाल कार्य समितिको काम कर्तव्य  अधिकार देहाय बमोजिम हुने छ।

क) गाँउ पालिकालाई कृषि क्षेत्रको विकासका लागी नितिगत रुपमा सुझाव दिने।

ख) गाँउ पालिकालाई कृषिको विकास किया कलापमा सहयोग गर्ने।

ग) समूहहरुवाट संकलन भएका माग प्रस्तावहरुको बिश्लेषण गरी महत्वपूर्ण कार्यको प्राथमिकता तोकी गाँउ पालिकामा आवश्यक सहयोगको लागी सिफारिस गर्ने।

घ) गाँउ पालिकावाट कृषि सम्बन्धि कार्यहरु तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने।

ङ) गाँउ पालिकावाट संचालित कृषक कार्यक्रमको अनुगमन निरिक्षण गर्ने।

च) पालिका भित्रका कृषक समूहको बिकास तथा प्रवर्धनका लागी आवश्यक पर्ने कार्यक्रमका लागी सम्बन्धि निकाय संग समन्वय गर्ने।

छ) कृषक समूहबाट प्राप्त सुचना तथा तथ्यांकको आधारमा पालिकाको आर्थिक लगायत सामाजिक विकास लगायत कृषि आदिको अवस्थाको बिश्लेषण गर्ने अध्ययन गर्ने र पृष्ठपोषण दिने।

५) बैठक :– बैठक बस्ने निर्णय गर्ने सम्बन्धि अवस्था देहाय बमोजिम हुने छ।

क) पालिका कृषक समूह संनाजलको बैठक प्रत्येक दुई महिनामा बस्ने छ।

ख) बैठक बिषयगत कृषिमा केन्द्रित रहे छलफल हुने छ।

६) दर्ता एवम प्रमाण पत्र :– कृषक संजालको बिधान अनुरुप कृषि विकास शाखाको सिफारिसमा गाँउ पालिकामा दर्ता गरी प्रमाण पत्र उपलव्ध गराउनुका साथै सो को अभिलेख कृषि शाखामा राखिने छ।

अनुसूची -१

# कृषि संजाल दर्ता गर्न भर्नु पर्ने अनुरोध फारम नामुना

मिति :-.................

श्री मान प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
**बिजयनगर गाँउपालिका** गाँउकार्यपालिकाको कार्यालय
खुरुहुरिया, कपिलवस्तु ।

बिषय : कृषि संजाल दर्ता गरि पाँउ ।

महोदय ,

प्रस्तुत बिषयमा देहाय बमोजिमको विवरण तथा कागजात संलग्न गरि पेश गरेको छु । हाम्रो कृषि संजाललाई दर्ता गरि दिनु हुन अनुरोध छ ।

१. कृषि संजालको नाम : श्री............................................ कृषि संजाल
२.ठेगाना : **बिजयनगर गाँउपालिका** खुरुहुरिया, कपिलबस्तु ।
३. कृषि संजाल गठन मिति : २०७ / /
४. कृषि संजाल गठनको मुख्य उद्देश्य : स्वीकृत कार्यविधि २०७८ अनुसार भएको ।
५. कृषि संजालको हितकोषमा जम्मा भएको रकम :
६. कृषि संजालको मासिक हितकोष रकम रु :
७.प्रति ब्यक्ति प्रति महिना हितकोष रकम रु :
८. नियमित कृषि संजाल बैठक बस्ने मिति : समय : स्थान :
९.कृषि संजालको कार्ययोजना :
१०. कृषि संजालको जातिगत विवरण :

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| दलित | | | |
| जनजाति | | | |
| अन्य जाति | | | |
| जम्मा | | | |

११. कृषि संजाल सदस्यको शैक्षिक विवरण

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| साधारण लेखपढ | | | |
| एस.एल.सी. /एस.ई.सी. /आई.ए. | | | |
| बी.ए.वा सो भन्दा माथी | | | |
| जम्मा | | | |

१२.माथी उल्लेखित ब्यहोरा ठीक साँचो हो भनी सही गर्ने

| नाम | पद | ठेगाना | फोन न. | हस्ताक्षर |
|---|---|---|---|---|
| | अध्यक्ष | **बिजयनगर गाँउपालिका** | | |
| | सचिव | **बिजयनगर गाँउपालिका** | | |
| | कोषाध्यक्ष | **बिजयनगर गाँउपालिका** | | |

# कृषि संजाल विवरण

**आ.ब.**

१. कृषि संजालको नाम :- श्री कृषि संजाल

२. ठेगाना :- **बिजयनगर गाँउपालिका**

३. कृषि संजाल गठन मिति :- २० / /

४. दर्ता नं. :- दर्ता मिति :-

५. कृषि संजाल पुनर्गठन भएको भए पुनर्गठन मिति :-

६. अक्ष्यक्षको नाम :- श्री

७. सर्म्पक नं. :-

८. कृषि संजालको प्रमुख उद्देश्य :- स्वीकृत कार्यविधि २०७८ अनुसार हुने छ ।

९.कृषि संजालको खाता संचालन भएको भए

९.१ बैङ्कको नाम :- ९.२ हिसाब नं.

१०. कृषि संजालको हाल सम्माको हितकोष रकम रु.

११. प्रति सदस्य प्रति महिना संकलन हुने मासिक हित कोष रकम :-

१२ कृषि संजालको मासिक बैठक बस्ने मिति :-

१३. सदस्य को लैङ्गिक तथा सामाजिक अवस्थाको विवरण :

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १. दलित | | | |
| २. जनजाति | | | |
| ३. अन्य जाति | | | |
| ४. कूल जम्मा | | | |

-

समुह पदाधिकारी तथा सदस्यहरुको विवरण

| क.स. | नाम | पद | शैक्षिक योग्यता | उमेर | जग्गाको क्षेत्रफल ( बिगहा ) | अन्य (पोखरी बगैंचा) | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची २

१२. **बिजयनगर गाँउपालिका** कृषि संजाल दर्ता किताबको नमुना

| क. स. | कृषि संजाल दर्ता न. र मिति | कृषि संजालको | | कृषि संजाल गठन मिति | कृषि संजाल को उद्देश्य | कृषि संजालको किसिम | सदस्य संख्या | | | | | | | | हितकोष रकम | अक्ष्यक्षको नाम/सर्म्पक न. | प्रमाण पत्र बुझिलिनेको सही | प्रमाणित गर्ने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | महिला | | | | पुरुष | | | | | | | | |
| | | नाम | ठेगाना | | | | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

अनुसूची ३

१३. **बिजयनगर गाँउपालिका** कृषि संजाल नविकरण किताबको नमुना

| नविकरण | | म्याद पुग्ने मिति | कृषि संजाल दर्ता | | कृषि संजाल को उद्देश्य | कृषि संजाल को किसिम | सदस्य संख्या | | | | | | | | हितकोष रकम | अक्ष्यक्षको नाम/सर्म्पक न. | प्रमाण पत्र बुझिलिनेको सही | नविकरण गर्नेको सही |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | महिला | | | | पुरुष | | | | | | | |
| नम्बर | मिति | | नम्बर | मिति | | | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

१४. कृषि संजाल दर्ता प्रमाण पत्रको नमुना निम्न अनुसारको हुनेछ ।

अनुसूची ४
बिजयनगर गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
खुरुहुरिया, कपिलबस्तु

कृषि संजाल दर्ताको प्रमाण पत्र

कृषि संजाल पद्धतिलाई सुव्यवस्थित भई कृषि प्रसार कार्यलाई टेवा पुर्याउने उद्देश्यले यस जिल्लाको बिजयनगर गाँउपालिका खुरुहुरिया, कपिलबस्तुमा मिति ............................मा गठित श्री................................................कृषि संजाललाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

........................

प्रमुख प्रशासकीय अधिकृत

कृषि संजालको किसिम :–
कृषि संजालको उपद्देश्य :–

( कृषि संजाल दर्ताको प्रमाण पत्रको पछाडि पानामा राख्ने )

| क्र.स. | नविकरण मिति | | नविकरण गर्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्मा | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१) कार्य समितिको अवधि :– पालिका स्तरीय सहकारी संजाल कार्य समितिको अवधि २ वर्ष हुने छ । तत्पश्चात पुनर : गठन गर्नु पर्ने छ ।
२) नवीकरण : पालिका स्तरीय कृषक समूह संजाल हरेक २ वर्षमा नवीकरण गर्नु पर्ने छ र नवीकरण नगरेको खण्डमा सहकार्य गर्न गाँउपालिका बाध्य हुने छैन ।